स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता तथा निर्माता दीपकराज गिरी पछिल्लो समय आफ्नो चलचित्र "छ माया छपक्कै-२" को व्यावसायिक असफलताबारे दिएको अभिव्यक्तिका कारण चर्चामा छन् । दर्सैको अवसर पारेर प्रदर्शनमा आएको चलचित्रले अपेक्षाअनुसार व्यापार गर्न नसकेपछि गिरीले सामाजिक सञ्जालमार्फत त्यसको जिम्मेवारी आफूले लिने बताएका छन् ।

आजको विचार...



विवाह ...
(दुई पेजमा)

अनुपमा घिमिरे

अभिनेता सौगात मल्ल पछिल्लो समय नयाँ चलचित्रको काममा व्यस्त छन् । उनको मुख्य भूमिका रहेको चलचित्र "जुबा"को छायांकन हालै सम्पन्न भएको छ । करिब ९० दिन लगाएर छायांकन गरिएको चलचित्र नेपालका सर्लाही, दाप्चा, काठमाडौं र भक्तपुरसँगै भारतको राजस्थानमा समेत खिचिएको हो ।



❑ वर्ष ३२ ❑ अंक ११६ ❑ २०८३ मंसिर ७ गते सोमबार 23 November 2026, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सक्षिप्त समाचार

आगलागी हुँदा ३ जनाको मृत्यु

एजेन्सी

जकार्ता, मंसिर ६/ इन्डोनेसियाको राजधानी जकार्ताको पश्चिममा रहेको एक मिठाई उत्पादन गर्ने कारखानामा आगलागी हुँदा तीन जनाको मृत्यु भएको छ भने ३६ जना बेपत्ता भएका छन् ।

स्थानीयउद्धार अधिकारीका अनुसार शनिबार दिउँसो सेराङ जिल्लास्थित फोनुसा अगुङ मुलिया कारखानामा आगलागी भएको हो । उक्त स्थान राजधानी जकार्ताबाट करिब ५० किलोमिटर पश्चिममा पर्दछ ।आगलागीमा परी चार जना घाइते भएका छन् । उनीहरूलाई नजिकैको अस्पताल तथा स्वास्थ्य केन्द्रमा उपचारका लागि लगिएको उद्धार अधिकारी रिज्की द्वियान्तोले जानकारी दिए । उनका अनुसार बेपत्ताहरूको खोजीका लागि उद्धार टोली परिचालन गरिएको छ । उद्धार कार्यमा संलग्न कर्मचारीको सुरक्षालाई प्राथमिकता दिँदै खोजी तीव्र पारिएको उनले बताए । आगलागीबाट कारखानाको ठूलो भाग ध्वस्त भएको छ । भवनको छाना केही स्थानमा भत्किएको छ भने घटनास्थलबाट अझै धुवाँ निस्किरहेको दृश्य सार्वजनिक भएका छन् ।स्थानीय अग्नि नियन्त्रण अधिकारी टुबागुस मचफुज्दका अनुसार शनिबार अपराह्न ४: ३० बजे आगलागीको सूचना प्राप्त भएको थियो ।

बाढी पीडितले अझै पाएनन् राहत

पुल, सडक र व्यवसाय पुनर्निर्माणको प्रतीक्षामा कालीगण्डकीवासी

क्षतिको विवरण संकलनमै सीमित सरकार

हाम्रा संवाददाता

गुल्मी,(पुर्तिघाट) मंसिर ६/ गत असोज ११ गते कालीगण्डकी नदीमा आएको बाढीले घर, सडक, पुल र व्यवसायमा ठूलो क्षति पुऱ्यायो । बाढी आएको दुई महिना बित्न लाग्दासमेत प्रभावित क्षेत्रका स्थानीय बासिन्दा र व्यवसायीले न राहत पाएका छन्, न त क्षतिग्रस्त संरचनाको पुनर्निर्माण नै सुरु भएको छ । बाढीले थिलथिलो बनाएको यहाँको कालीगण्डकी क्षेत्रका बासिन्दा अहिले पनि सरकारी सहयोगको प्रतीक्षामा छन् ।

असोजको पहिलो साता लगातार पाँच दिनसम्म परेको अविरल वर्षापछि कालीगण्डकी नदीमा आएको अत्यधिक बहावले नदी आसपासका बजार, बस्ती, घर तथा व्यावसायिक प्रतिष्ठानमा करोडौँ रुपैयाँ बराबरको क्षति पुऱ्याएको थियो । सार्वजनिक तथा सरकारी संरचनासमेत बाढीको चपेटामा



परे । असोज ११ गते बिहान कालीगण्डकी गाउँपालिका-१ हर्मिचौर र स्याङ्जाको मिर्मी जोड्ने ड्यामसाइडस्थित पक्की पुलसमेत नदीको तीव्र बहावले बगायो । पुल बगेपछि त्यस क्षेत्रको यातायात आवागमन प्रभावित बनेको छ । बाढीपछि प्रभावित क्षेत्रको अवलोकन गर्न सांसद, मन्त्रालयका प्राविधिक तथा विभिन्न राजनीतिक दलका नेताहरू पुगे । उनीहरूले क्षतिको अवस्था बुझ्दै पुल र अन्य संरचना छिट्टै निर्माण तथा मर्मत गर्ने आश्वासन दिए । तर, आश्वासन दिएको लामो समय बितिसक्दा पनि पुनर्निर्माणको काम अघि बढ्न सकेको छैन । पुर्तिघाट बजार नजिकै रहेको नवनिर्मित विद्युतीय सवारीसाधन (ईभी) चार्जिङ स्टेसन, करिडोर क्षेत्र, पर्वत जोड्ने पक्की पुलको प्रवेशमार्ग तथा कालीगण्डकी करिडोरको हर्मिचौर-पुर्तिघाट सडक खण्डका सयौँ स्थानमा क्षति पुगेको छ । ती सडक तथा संरचनाको मर्मतसम्भारसमेत हुन सकेको छैन । यसले स्थानीयको आवागमन, व्यापार व्यवसाय र दैनिक जनजीवनमा थप समस्या सिर्जना गरेको छ । बाढीबाट प्रभावित कनौटा र आसपासका क्षेत्रमा सञ्चालित होटल, ग्यारेज तथा ईभी चार्जिङ सेन्टरमा ठूलो क्षति पुगे पनि पुनर्निर्माणका लागि कुनै पहल नभएको स्थानीय समाजसेवी तथा होटल व्यवसायी सञ्जय केसीले बताए । उनका अनुसार जिल्ला विपद् व्यवस्थापन समितिले क्षतिको विवरण संकलन गरेर लगे पनि अहिलेसम्म पीडितलाई सहयोग उपलब्ध गराउने विषयमा कुनै ठोस निर्णय भएको छैन ।

स्थानीय तहको मुकामसमेत रहेको पुर्तिघाटका बाढीपीडितले राज्यबाट सामान्य राहतसमेत पाउन नसक्नु दुःखद भएको पुर्तिघाट ईभी चार्जिङ सेन्टरका सञ्चालक तथा बाढीपीडित सुदर्शन श्रेष्ठको गुनासो छ । उनका अनुसार असोज ११ गते बिहान करिब ३:३० बजे कालीगण्डकी नदीको बहावले चार्जिङ सेन्टरमा क्षति पुऱ्याउनुका साथै विद्युत् ट्रान्सफर्मरसमेत बगाएको थियो । 'क्षतिको विवरण संकलन गर्न सम्बन्धित निकायका प्रतिनिधि आएर गए । तर, त्यसपछि हाम्रो क्षतिको विवरण कहाँ पुग्यो, कहिले र कसरी सम्बोधन हुन्छ भन्नेबारे कुनै जानकारी छैन,' श्रेष्ठले भने । उनले पटकपटक जिल्ला विपद् व्यवस्थापन समितिलाई क्षतिको विवरणसहित जानकारी गराउँदा पनि सुनुवाइ नभएको गुनासो गरे ।

(बाँकी अन्तिम पेजमा...)

नवलपरासीका पालिकामा काँग्रेसको 'डिजिटल प्रतिनिधि परामर्श' भेला



नवलपरासी, मसिर ६/ नेपाली कांग्रेसले पार्टी संगठनलाई प्रविधिमैत्री बनाउने उद्देश्यले नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का तीनवटै नगरपालिकामा डिजिटल प्रतिनिधिसम्बन्धी परामर्श भेला सम्पन्न गरेको छ । रामग्राम, सुनवल र बर्दघाट नगरपालिकामा काँग्रेसले भेला सकेको हो ।

अभियान सञ्चालनका लागि काँग्रेसले केन्द्रीय सदस्य हिमाल दत्त श्रेष्ठलाई जिम्मेवारी दिएको थयो । पार्टीले केन्द्रीय सदस्यहरूलाई विभिन्न पालिकाको जिम्मेवारी तोकेर संगठन सुदृढीकरणसँगै डिजिटल विस्तारको नीति अघि बढाएको हो । सोही क्रममा नवलपरासीमा दिएको जिम्मेवारी केन्द्रीय सदस्य श्रेष्ठले सफलतापूर्वक सम्पन्न गरेका छन् । भेलाहरुलाई सम्बोधन गर्दै उनले डिजिटल माध्यमलाई संगठन विस्तार, सूचना सम्प्रेषण र जनतासँग जोडिने प्रभावकारी माध्यमका रूपमा उपयोग गर्नुपर्ने बताए । काँग्रेस पाल्पाका सभापति समेत रहेका श्रेष्ठले सामाजिक सञ्जालमा पार्टीबारे फैलिने गलत सूचना र भ्रमको तथ्य तथा प्रमाणका आधारमा प्रतिवाद गर्न कार्यकर्तालाई आग्रह गरे । कांग्रेसको इतिहास, नीति, सिद्धान्त र गतिविधिलाई नयाँ पुस्तासम्म पुऱ्याउन डिजिटल प्रतिनिधिहरूको सक्रिय भूमिका आवश्यक रहेको उनको भनाइ थियो ।

(बाँकी अन्तिम पेजमा...)

पाल्पामा लागुऔषधसहित एक युवक पक्राउ

पाल्पा, मंसिर ६/ पाल्पाको सिद्धार्थ राजमार्गअन्तर्गत तिनाउ गाउँपालिका-३ पैठेडाँडाबाट हेल्मेटभित्र लुकाएर लागुऔषध ओसारपसार गरिरहेको अवस्थामा एक युवक पक्राउ परेका छन् ।प्रहरीले शनिबार पैठेडाँडास्थित सिद्धार्थ राजमार्गमा चेकजाँच गर्ने क्रममा लागुऔषधसहित युवकलाई नियन्त्रणमा लिएको हो ।

प्रहरी चौकी दोभानबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको टोलीले बुटवलबाट बागलुङतर्फ जाँदै गरेको गण्डकी प्रदेश ०२-००१ प १०४६ नम्बरको स्कुटरलाई रोकेर जाँच गरेको थियो । मुस्कान छम्त्यालले लगाएको हेल्मेटभित्र लुकाइछिपाइ राखेको अवस्थामा



लागुऔषधजस्तो देखिने विभिन्न तीन प्रकारका औषधि फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए । उनका अनुसार हेल्मेटभित्र लुकाएर ल्याइएको अवस्थामा डाइजेपाम १० एम्पुल, फेनरागन १० एम्पुल र बुफिन १० एम्पुल गरी जम्मा ३० एम्पुल बरामद गरिएको हो । सामान्य सुरक्षा जाँचबाट उम्किन हेल्मेटभित्रै लागुऔषध लुकाएर लैजाने प्रयास गरेको अवस्थामा ती सामग्री फेला परेका हुन् । बरामद सामग्रीसहित पक्राउ परेका छम्त्याललाई थप अनुसन्धानका लागि नियन्त्रणमा राखिएको छ । प्रहरीले उनलाई पाल्पा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी लागुऔषध ओसारपसारसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ ।पछिल्लो समय लागुऔषधको ओसारपसार तथा दुरुपयोग नियन्त्रण गर्न प्रहरीले राजमार्ग र विभिन्न नाकामा निगरानी तथा सवारीसाधन चेकजाँचलाई प्राथमिकता दिँदै आएको छ । सोही क्रममा गरिएको चेकजाँचबाट हेल्मेटभित्र लुकाएर ल्याइएको शंकास्पद औषधि फेला परेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

प्रधानमन्त्रीको भारत भ्रमण उपलब्धिमूलक बनोस्

प्रधानमन्त्री बालेन शाह आइतबारदेखि भारतको दुई दिने राजकीय भ्रमणमा निस्कएका छन् । अत्यन्त छोटो समयको बसाइ हुने यो भ्रमण उनको यो पहिलो विदेश भ्रमण भने होइन । उनले संयुक्त राष्ट्र संघको महासभामा जलवायु परिवर्तनले पारेको प्रभावका कारण नेपालमा हिमालहरू हिउँविहीन बन्दै गएको र ठूला प्राकृतिक विपत्तिहरूको सामना गर्नुपरेको सन्दर्भमा साना र जलवायु परिवर्तनको प्रभावले प्राकृतिक विपत्ति झेल्नुपरेका राष्ट्रहरूका तर्फबाट प्रतिनिधिमूलक आवाज उठाएर सम्बोधन गरेका थिए ।

भारत भ्रमण केवल कूटनीतिक औपचारिकतामा सीमित नभई नेपालका राष्ट्रिय हित र दीर्घकालीन विकासका लागि निकै महत्वपूर्ण मानिएको छ । नेपाल र भारतबीच लामो समयदेखि विभिन्न विषयमा सहकार्य हुँदै आए पनि कतिपय महत्वपूर्ण मुद्दा अझै समाधान हुन सकेका छैनन् । व्यापार घाटा, सीमा समस्या, हवाई प्रवेशमार्ग, पारवहन सुविधा, जलविद्युत् उत्पादन तथा बिक्री, पूर्वाधार विकास र लगानी प्रवर्द्धनजस्ता विषयमा नेपालले लामो समयदेखि चासो राख्दै आएको छ । प्रधानमन्त्रीको यस भ्रमणमा यी विषयलाई प्राथमिकताका साथ उठाउन आवश्यक छ । विशेषगरी नेपालको आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने परियोजनामा ठोस सहमति र कार्यान्वयनको सुनिश्चितता खोजिनुपर्छ । नेपाल जलस्रोतको धनी मुलुक भए पनि पर्याप्त पूर्वाधार र बजारको अभावमा उपलब्ध स्रोतको पूर्ण उपयोग गर्न सकेको छैन । भारतसँगको ऊर्जा सहकार्यलाई थप प्रभावकारी बनाउन सके जलविद्युत् उत्पादन, प्रसारण लाइन विस्तार र विद्युत् निर्यातबाट नेपालले ठूलो आर्थिक लाभ लिन सक्छ । त्यसैगरी, हवाई प्रवेशमार्ग विस्तार, सीमापार सडक तथा रेल सञ्जालको विकास, पेट्रोलियम पाइपलाइन विस्तार र व्यापार सहजीकरणका विषयमा पनि परिणाममुखी छलफल हुनुपर्छ । भारतको विशाल बजार र आर्थिक क्षमताबाट नेपालले लाभ लिन सक्ने वातावरण निर्माण गर्नु आजको आवश्यकता हो । दुई देशबीचको सम्बन्धमा सीमा विवाद पनि संवेदनशील विषयका रूपमा रहँदै आएको छ । कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्तालगायतका सीमासम्बन्धी विषयलाई आपसी समझदारी र कूटनीतिक संवादमार्फत समाधान गर्ने दिशामा पहल आवश्यक छ । राष्ट्रिय सार्वभौमिकता र भौगोलिक अखण्डताका विषयमा नेपालले आफ्नो स्पष्ट धारणा राख्नुपर्छ । यसर्थ राष्ट्रिय स्वाभिमानलाई अक्षुण्ण राख्दै आपसी हित, विश्वास र सहकार्यलाई बलियो बनाउने दिशामा प्रधानमन्त्रीको भ्रमण केन्द्रित हुनुपर्छ । भ्रमणबाट नेपालको आर्थिक विकास, पूर्वाधार विस्तार, व्यापार प्रवर्द्धन र दुई देशबीचको सम्बन्धमा नयाँ आयाम थपियोस्। प्रधानमन्त्रीको भारत भ्रमण उपलब्धिमूलक बनोस्, यही शुभकामना ।

Opinion @ Social Network

समय र मान्छेको कदर बेलैमा गर्नु पर्छ,
किनभने गुमेपछि पछुताउनु बाहेक अरू कुनै विकल्प बाँकी रहँदैन !
(माया मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Maya.Magar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

विवाह : श्रीमान् श्रीमतीको सम्बन्धमात्र होइन



अनुपमा घिमिरे

विवाह एउटा केटा र केटीबीचको सम्बन्धमात्र होइन । विवाहपछि दुईजना मानिसमात्र जोडिँदैनन्, दुई परिवार पनि जोडिन्छन् । दुई फरक घर, फरक संस्कार, फरक सोच र फरक बानी भएका मानिसहरू एउटै सम्बन्धमा बाँधिन्छन् । त्यसैले विवाहलाई श्रीमान्-श्रीमतीको मायामा मात्र सीमित गरेर हेर्नु हुँदैन भन्ने मलाई लाग्छ ।

मेरो लागि बिहे भनेको श्रीमानसँग मात्र जोडिनु होइन । बिहेपछि उनको परिवार, उनका आमाबुबा र उनीसँग जोडिएका सम्बन्धहरू पनि मेरो जीवनको हिस्सा बन्नु हो । श्रीमान्लाई माया गर्नु भनेको उनलाई मात्र माया गर्नु होइन, उनको भावना, उनको परिवार र उनको जिम्मेवारीलाई पनि बुझ्ने प्रयास गर्नु हो । म स्वभावले अलि भावुक र संवेदनशील छु । सानो कुराले पनि खुशी हुन्छु, कहिलेकाहीँ सानो कुराले नै मन दुख्छ । म सम्बन्धलाई हल्का रूपमा लिन सक्दिनँ । कसैलाई आ्नो मानेपछि मनदेखि नै माया गर्ने र सकेसम्म सम्बन्ध जोगाएर राख्ने मेरो बानी छ । त्यसैले बिहेपछि श्रीमान्सँगको सम्बन्धलाई मात्र होइन, उनीसँग जोडिएका सम्बन्धलाई पनि आफ्नो बनाउनुपर्छ भन्ने लाग्छ । तर, विवाहपछि सबै कुरा आफूले सोचेको जस्तो हुन्छ भन्ने पनि छैन । नयाँ घर, नयाँ मान्छे र नयाँ वातावरणमा आफूलाई मिलाउन समय लाग्छ । माइतीमा हुर्किएको तरिका र घरमा आएपछि देखिने व्यवहार फरक हुनसक्छ । आफ्नो घरमा सामान्य लाग्ने कुरा अर्को घरमा फरक हुनसक्छ । यस्तो अवस्थामा एकअर्कालाई बुझ्न जरुरी हुन्छ । बुहारीले मात्र सबै कुरा बुझ्नुपर्छ भन्ने होइन, परिवारका अरू सदस्यले पनि बुहारीको भावना बुझ्नुपर्छ ।मेरो विचारमा विवाहपछि श्रीमान् र श्रीमतीको सम्बन्ध सबैभन्दा महत्वपूर्ण हुन्छ । किनकि जीवनका सुख-दुःख सँगै बिताउने, भविष्यका सपना सँगैदेख्ने र कठिन समयमा एकअर्काको साथमा उभिने भनेकै उनीहरू हुन् । तर, श्रीमान् श्रीमतीको सम्बन्ध राम्रो हुँदैमा परिवारका सबै सम्बन्ध आफैं राम्रो हुन्छन् भन्ने पनि छैन । त्यसका लागि परिवारका सबै सदस्यको व्यवहार र समझदारी आवश्यक हुन्छ ।विवाहपछि कहिलेकाहीँ सानो कुरामा मनमुटाव हुन्छ । विचार नमिल्न सक्छ, रिस उठ्न सक्छ र एकअर्काको कुरा चित्त नबुझ्न पनि सक्छ । तर, सानो कुरामा मन दुख्यो भन्दैमा सम्बन्ध नै बिगार्नुपर्छ भन्ने लाग्दैन । बरु एकअर्कासँग खुलेर कुरा गर्ने, गल्ती भए स्वीकार गर्ने र मनमा कुरा राखेर बस्नुभन्दा समाधान खोज्ने बानी हुनुपर्छ । सम्बन्धमा सधैं एउटै व्यक्तिले मात्र झुक्नुपर्छ भन्ने पनि होइन । दुवैले एकअर्कालाई बुझ्ने प्रयास गर्नुपर्छ । आजको समयमा विवाहलाई हेर्ने सोच धेरै परिवर्तन भएको छ । पहिले बुहारी भएपछि घरको काम गर्ने, सासू-ससुराको हेरचाह गर्ने र श्रीमानको परिवार अनुसार चल्ने कुरालाई नै मुख्य जिम्मेवारी मानिन्थ्यो । धेरै महिलाले आफ्नो पढाइ, करियर र इच्छालाई समेत पछाडि राख्नुपर्ने अवस्था थियो । तर, अहिले समय बदलिएको छ । छोरीहरू पनि पढ्छन्, काम गर्छन्, परिवारको जिम्मेवारी सम्हाल्छन् र आफ्नो भविष्यका लागि सपना देख्छन् ।विवाहअघि एउटी छोरी आफ्ना आमाबुबाको माया पाएर हुर्किएकी हुन्छिन् । उनको पनि आफ्नै इच्छा हुन्छ, सपना हुन्छ र भविष्यमा केही गर्ने सोच हुन्छ । विवाह भएपछि उनी श्रीमती र बुहारी बन्छिन् भन्दैमा उनका सपना र इच्छा समाप्त हुनु हुँदैन । विवाहले उनको जीवनमा नयाँ सम्बन्ध थप्ने हो, उनको पहिचान मेटाउने होइन ।मेरो विचारमा असल बुहारी हुनुभनेको आफ्नो सबै इच्छा त्यागेर परिवारलाई मात्र समय दिनु होइन । त्यसैगरी, असल श्रीमती हुनुभनेको श्रीमान्ले भनेको हरेक कुरा चुपचाप स्वीकार गर्नु होइन । आफ्नो परिवारलाई माया गर्दै, जिम्मेवारी पूरा गर्दै आफ्नो पढाइ, सपना र इच्छालाई पनि अगाडि बढाउन सक्नुपर्छ । परिवारले पनि महिलालाई यति बुझ्नुपर्छ कि उनी बुहारी हुनुभन्दा पहिले आ्नै भावना भएकी एउटा व्यक्ति हुन् । तर, स्वतन्त्रताको अर्थ जे मन लाग्यो त्यही गर्नु होइन । आफ्नो अधिकार बुझ्नु राम्रो कुरा हो, तर आफ्नो जिम्मेवारी पनि बुझ्नुपर्छ ।

विवाहपछि श्रीमान् र श्रीमती दुवैको जीवनमा जिम्मेवारी थपिन्छ । त्यसैले आफ्नो खुशीको मात्र सोचेर हुँदैन, आफ्नो निर्णयले अर्को व्यक्तिको जीवनमा कस्तो असर पार्छ भन्ने कुरा पनि बुझ्नुपर्छ । आजभोलि धेरै श्रीमान्-श्रीमती कामको सिलसिलामा एकअर्काबाट टाढा बस्नुपर्ने अवस्था छ । कोही विदेशमा हुन्छन्, कोही घरपरिवार सम्हालेर बसिरहेका हुन्छन् । दुवैको संघर्ष फरक हुन्छ । टाढा बस्दा एक्लोपन लाग्नसक्छ, मनमा शंका आउन सक्छ र कहिलेकाहीँ सम्बन्धमा दूरी पनि बढ्नसक्छ । यस्तो अवस्थामा एकअर्कालाई दोष दिनुभन्दा कुरा बुझ्ने, समय दिने र विश्वास कायम राख्ने प्रयास गर्नुपर्छ । सम्बन्ध टिकाउन मायामात्र होइन, इमानदारी पनि चाहिन्छ ।सामाजिक सञ्जालले पनि आजभोलि सम्बन्धमा धेरै प्रभाव पारेको छ । अरूको जीवन देखेर आफ्नो जीवनसँग तुलना गर्ने बानी बढेको छ । कसैले श्रीमान्सँग घुमेको तस्वीर राख्छन्, कसैले उपहार पाएको देखाउँछन्, कसैले आफ्नो खुशी सामाजिक सञ्जालमा बाँड्छन् । त्यो देखेर आ्नो जीवनमा के कमी छ भन्ने लाग्नसक्छ । तर, सामाजिक सञ्जालमा देखिएको जीवन नै सबै कुरा होइन । अरूको जीवनसँग तुलना गर्नुभन्दा आफ्नो सम्बन्धलाई कसरी राम्रो बनाउन सकिन्छ भन्ने सोच्नु राम्रो हुन्छ ।विवाहपछि समस्या आउँदैमा सम्बन्धविच्छेद नै गर्नुपर्छ भन्ने होइन । कहिलेकाहीँ सानो गलतफहमीले पनि ठूलो रूप लिन सक्छ । समयमा कुरा नगर्दा मनमा धेरै कुरा खेल्न सक्छन् । तर, यसको अर्थ जस्तोसुकै अवस्थामा पनि सम्बन्ध निभाउनैपर्छ भन्ने होइन । हिंसा, दुर्व्यवहार र निरन्तर अपमान सहेर बस्नुपर्छ भन्ने सोच पनि गलत हो । सम्बन्धमा माया र जिम्मेवारी जति आवश्यक हुन्छ, आत्मसम्मान र सुरक्षा पनि त्यति नै आवश्यक हुन्छ ।विवाह गर्नुअघि एकअर्काको स्वभाव, सोच, परिवार र भविष्यका योजनाबारे बुझ्न सके राम्रो हुन्छ । किनकि विवाह केही दिनको सम्बन्ध होइन, जीवनसँग जोडिएको निर्णय हो । विवाहपछि एकअर्कामा कमजोरी देखिन सक्छन्, सोच नमिल्न सक्छ र अपेक्षा पूरा नहुनसक्छ । यस्तो अवस्थामा एकअर्कालाई बदल्न खोज्नुभन्दा बुझ्ने प्रयास गर्नुपर्छ । सबै मानिस एउटै हुँदैनन् भन्ने कुरा स्वीकार गर्न सक्नुपर्छ ।विवाहमा श्रीमान्का आमाबुबाको जिम्मेवारी पनि महत्वपूर्ण हुन्छ । छोराछोरीलाई हुर्काउन र आफ्नो खुट्टामा उभ्याउन आमाबुबाले धेरै दुःख गरेका हुन्छ । उमेर बढ्दै जाँदा उनीहरूलाई साथ र सहयोग आवश्यक पर्न सक्छ । त्यसैले विवाहपछि आमाबुबाप्रतिको जिम्मेवारी सकिन्छ भन्ने होइन । तर, यसको अर्थ बुहारीले आफ्नो सबै इच्छा त्यागेर सासू-ससुराको सेवामा मात्र जीवन बिताउनुपर्छ भन्ने पनि होइन । सासू-ससुरा पनि कसैका आमाबुबा हुन्छन् भने बुहारी पनि कसैकी छोरी हुन् । विवाह गरेर नयाँ घरमा आएकी महिलालाई आफ्नो बनाउन माया र सम्मान दिनुपर्छ । उनलाई घरको काम गर्ने व्यक्तिका रूपमा मात्र होइन, परिवारको सदस्यका रूपमा हेर्नुपर्छ । उनको मन दुख्दा बुझ्ने, थाक्दा सहयोग गर्ने र उनको इच्छाको पनि कदर गर्ने परिवार भयो भने बुहारीले पनि त्यो घरलाई आफ्नो घर मान्न सक्छिन् । त्यसैगरी, बुहारीले पनि सासू-ससुरालाई सम्मान गर्नुपर्छ । नयाँ घरमा आएपछि सबै कुरा आफ्नो माइतीको जस्तै खोज्नु उचित हुँदैन । हरेक घरको आफ्नै तरिका हुन्छ । फरक बानी र फरक सोचलाई बुझ्दै बिस्तारै मिलेर अघि बढ्न सकिन्छ । तर, मिलेर बस्नु भनेको आ्नो कुरा राख्नै नपाउनु होइन । परिवारमा सबैले आफ्नो कुरा राख्न पाउनुपर्छ र एकअर्काको कुरा सुन्ने बानी हुनुपर्छ ।यसमा श्रीमान्को भूमिका पनि निकै महत्वपूर्ण हुन्छ । श्रीमान्ले श्रीमतीलाई मात्र परिवारसँग मिल्नुपर्छ भनेर दबाब दिनु हुँदैन । आफ्ना आमाबुबाको भावना बुझेजस्तै श्रीमतीको भावना पनि बुझ्नुपर्छ । कहिलेकाहीँ परिवारमा गलतफहमी हुनसक्छ । यस्तो अवस्थामा कसको कुरा नसुनी निर्णय गर्नु हुँदैन । दुवै पक्षको कुरा बुझेर समाधान खोज्नुपर्छ । श्रीमतीलाई परिवारसँग मिलाउने जिम्मेवारी जति छ, परिवारलाई पनि श्रीमतीको भावना बुझाउने जिम्मेवारी श्रीमान्को हुन्छ । मलाई लाग्छ, परिवारमा एउटै व्यक्तिले मात्र सधैं त्याग गर्नुपर्छ भन्ने सोच बदलिनुपर्छ । बुहारीले मात्र समायोजन गर्ने होइन, सासू-ससुरा र श्रीमान्ले पनि समायोजन गर्नुपर्छ । नयाँ घरमा आएकी बुहारीलाई समय दिनुपर्छ, उनको सोच बुझ्नुपर्छ र उनलाई आफ्नो जीवन आफ्नै तरिकाले अघि बढाउने अवसर पनि दिनुपर्छ । परिवार भनेको एकअर्कालाई नियन्त्रण गर्ने ठाउँ होइन, एकअर्कालाई साथ दिने ठाउँ हुनुपर्छ ।संयुक्त परिवारमा बस्नुको आफ्नै महत्व छ । घरमा धेरै मानिस हुँदा सुख-दुःख बाँड्न पाइन्छ, एकअर्कालाई सहयोग गर्न सकिन्छ र अनुभवबाट सिक्न पाइन्छ । तर, धेरै मानिससँगै बस्दा विचार नमिल्न सक्छ । त्यसैले एकअर्काको व्यक्तिगत जीवन र स्वतन्त्रताको सम्मान गर्नुपर्छ । सबैको सोच एउटै हुँदैन भन्ने कुरा स्वीकार गर्नसके परिवारमा धेरै समस्या कम हुन सक्छन् । त्यसैगरी, छुट्टै बस्दैमा आमाबुबालाई माया नगरेको भन्ने हुँदैन । कोही छुट्टै बसेर पनि आमाबुबाको राम्रो हेरचाह गर्न सक्छन् । कोही एउटै घरमा बसेर पनि एकअर्कासँग राम्रो व्यवहार गर्न सक्दैनन् । त्यसैले परिवार राम्रो हुन एउटै घरमा बस्नैपर्छ भन्ने छैन । मुख्य कुरा एकअर्कालाई कति माया, सम्मान र समय दिइन्छ भन्ने हो ।परिवारमा बच्चा जन्मिएपछि खुशीसँगै जिम्मेवारी बढ्छ । बच्चाको राम्रो भविष्यका लागि श्रीमान् र श्रीमती दुवैले मिहिनेत गर्नुपर्छ । तर, बच्चा जन्माउनुमात्र परिवार पूरा हुनु होइन । बच्चालाई माया, राम्रो संस्कार र सुरक्षित वातावरण दिनु पनि उत्तिकै आवश्यक छ । आमाबुबाबीचको सम्बन्ध राम्रो भयो भने बच्चाले पनि माया, सम्मान र समझदारी सिक्न पाउँछ ।म अहिले पनि धेरै कुरा सिक्दैछु । श्रीमान्लाई बुझ्न, परिवारलाई बुझ्न र आफूलाई बुझ्न पनि समय लाग्दो रहेछ । कहिलेकाहीँ आफूले सोचेको कुरा सही नहुन सक्छ । कहिलेकाहीँ अर्को व्यक्तिको परिस्थिति आफूले नबुझेको हुन सक्छ । त्यसैले कुनै कुरामा मन दुख्यो भन्दैमा तुरुन्तै निर्णय गर्नुभन्दा पहिले कुरा बुझ्नु राम्रो हुन्छ । सम्बन्धमा आफ्नो कुरा राख्न सक्नु जति आवश्यक छ, अर्को व्यक्तिको कुरा सुन्नसक्नु त्यति नै आवश्यक छ ।

अन्ततः विवाहमा श्रीमान् र श्रीमतीको सम्बन्ध सबैभन्दा महत्वपूर्ण हुन्छ, तर परिवारको माया र जिम्मेवारीलाई पनि बिर्सनु हुँदैन । त्यसैगरी, परिवारको नाममा श्रीमान् - श्रीमतीले आफ्नो स्वतन्त्रता र आत्मसम्मान गुमाउनु हुँदैन । दुवै पक्षको भावना बुझेर, एकअर्कालाई सम्मान गरेर र जिम्मेवारी बाँडेर अघि बढ्न सके परिवार राम्रो बन्नसक्छ । सुखी परिवार ठूलो धनसम्पत्तिले मात्र बन्दैन । एकअर्काको मन बुझ्ने, दुःख पर्दा साथ दिने, गल्ती हुँदा माफ गर्ने र खुशी हुँदासँगै रमाउने बानीले परिवारलाई सुन्दर बनाउँछ । कहिलेकाहीँ एउटा मीठो बोली, सानो सहयोग र माया गरेर सोधिएको एउटा प्रश्नले पनि कसैको मन खुसी बनाउन सक्छ । मेरो विचारमा विवाहको वास्तविक सुन्दरता यही हो-श्रीमान् र श्रीमतीले एकअर्कालाई बुझ्नु, दुवै परिवारको सम्मान गर्नु र आफ्नो जीवन पनि खुसीका साथ अघि बढाउनु । बुहारीले आफ्नो परिवारलाई माया गर्न पाउनुपर्छ, सासू-ससुराले सम्मान पाउनुपर्छ र श्रीमान्-श्रीमतीले एकअर्काको साथमा सुरक्षित महसुस गर्न पाउनुपर्छ ।किनकि परिवार भनेको एउटै घरमा बस्ने मानिसहरूको समूहमात्र होइन । परिवार भनेको एकअर्काको भावना बुझ्ने, दुःखमा साथ दिने र सुखमा खुशी बाँड्ने सम्बन्ध हो । विवाह पनि केवल सामाजिक बन्धन होइन, दुई व्यक्ति र दुई परिवारलाई माया, विश्वास, जिम्मेवारी र समझदारीले जोड्ने सम्बन्ध हो । अन्ततः विवाहमा आफ्नो मान्छेलाई माया गर्नु मात्र ठूलो कुरा होइन, उसँग जोडिएका सम्बन्धलाई बुझ्नु र सबैको सम्मान गर्दै आ्नो सम्बन्धलाई सुन्दर बनाउनु पनि उत्तिकै महत्वपूर्ण कुरा हो ।-***इहिमालय टाइम्स***

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्सन.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस वेबदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : काममा समय दिन पाउनुहुनेछ। आर्थिक पक्ष सुधारका उपाय फेला पर्नेछ।

वृष : कार्यक्षेत्रमा राम्रो अवसर ल्याउन सक्छ। मनमा सकारात्मक ऊर्जा थप्नेछ।

मिथुन : व्यापारमा ग्राहकको विश्वास बढ्ने सम्भावना छ। शरीर फुर्तिलो रहनेछ।

कर्कट : कार्यक्षेत्रमा राम्रो प्रभाव छोड्नेछ। लेनदेनमा स्पष्ट निर्णय लिनु उचित हुनेछ।

सिंह : समयको राम्रो उपयोग हुनेछ। स्वास्थ्यमा विशेष ध्यान दिनु लाभदायक रहनेछ।

कन्या : नेतृत्व क्षमता देखाउने अवसर प्राप्त हुन सक्छ। सन्तोषको अनुभूति हुनेछ।

तुला : काम पूरा गर्ने जाँगर बढ्नेछ। नयाँ योजना बनाउन सकिने समय छ।

वृश्चिक : कामबाट राम्रो परिणाम मिल्न सक्छ। अवसरको ढोका खोल्नेछ।

धनु : धैर्यले काम सहज बन्नेछ। स्वास्थ्यमा नियमित व्यायाम राम्रो रहनेछ।

मकर : कामबाट सम्भावना देखिन सक्छ। व्यापार विस्तामा सोच बलियो बन्नेछ।

कुम्भ : मेहनतले परिणाम दिने समय नजिकिँदै छ। शरीरलाई आराम दिनु होला।

मीन : सामाजिक क्षेत्रमा सम्मान बढ्ने संकेत छ। कामले आत्मसन्तुष्टि दिनेछ।

शिक्षा

शिक्षामन्त्रीको सात महिना : घोषणामा रफ्तार, कार्यान्वयनमा अलमल

प्रशान्त बली

काठमाडौं, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जिम्मेवारी सम्हालेको सात महिना पूरा हुँदा पनि शिक्षा क्षेत्रको सुधारमा अपेक्षित नतिजा दिन सकेका छैनन् । शिक्षामन्त्री पोखरेलले नतिजामुखी कार्यक्रम ल्याउने घोषणा गरे पनि व्यवहारमा शिक्षा क्षेत्रले अपेक्षित फड्को मार्न नसकेको देखिएको हो ।गत चैत १३ गते शिक्षामन्त्रीमा नियुक्त पोखरेलले पद बहालीका क्रममा भनेका थिए, 'मतदाताहरूले दिएको मतप्रति संवेदनशील छौं । पार्टीको बाचापत्र अनुसार काम गर्छौं । शिक्षकको क्षमता सुधारमा काम गर्नेछौं । खेलकुदलाई पाठ्यक्रमसँग जोड्नेछौं । नतिजामुखी कार्यक्रम गर्नेछौं ।'तर, मन्त्री पोखरेलले भनेजस्तो शिक्षा क्षेत्रमा आमूल परिवर्तन आउन सकेको छैन । अहिले पनि सरकारी विद्यालयहरूले अंग्रेजी शिक्षाको नाममा अभिभावकहरूबाट चर्को शुल्क असुलिरहेका छन् । विश्वविद्यालय स्वायत्त बनाउने घोषणा गरे पनि मूर्तरूप लिन सकेको छैन । विद्यालय शिक्षा विधेयक संसदमा विचाराधीन छ । यो विधेयक शिक्षक र विद्यार्थीमैत्री नभएको भन्दै आलोचना भइरहेको छ । शिक्षामन्त्री विश्वविद्यालयको सहकुलपति रहने व्यवस्था छ, तर लुम्बिनी विश्वविद्यालय उपकुलपतिविहीन छ । ९० दिनभित्र स्टुडेन्ट काउन्सिल/भ्वाइस अफ स्टुडेन्ट संयन्त्रको विकास गर्ने विषय पनि कागजमा सीमित छ ।

विश्वविद्यालयहरूबाट लिइने स्नातक र स्नातकोत्तर परीक्षाको नतिजा शिक्षा मन्त्रालयले उपलब्ध गराएको क्यालेन्डर अनुसार निकाल्ने भनिए पनि कतिपय संकाय र विभागको नतिजा महिनौंदेखि सार्वजनिक भएको छैन । अहिले पनि स्नातक र स्नातकोत्तर तहका कतिपय विषयको परीक्षा नतिजा आउन ६ महिनाभन्दा बढी समय लाग्ने गरेको छ ।गत असार ५ गते शिक्षामन्त्री पोखरेलले ४० दिनभित्रै कक्षा १२ को नतिजा सार्वजनिक गर्न सक्नुलाई शैक्षिक प्रशासन सुधारको 'ऐतिहासिक प्रतिफल' भन्दै प्रशंसा गरे, तर नतिजा प्रकाशनमा देखिएको त्यो तीव्रता उच्च शिक्षाको प्रवेशद्वारमा आइपुग्दा भने सुस्तायो छ । कक्षा १२ को नतिजा आएको चार महिना बितिसक्दा बल्ल चिकित्सा शिक्षा आयोगले लिएको एकीकृत प्रवेश परीक्षाको नतिजा आउन थालेको छ- जसले 'छिटो नतिजा' को सरकारी दावी र विद्यार्थीको समय बचत गर्ने लक्ष्यमाथि नै प्रश्न खडा गरिदिएको छ ।मन्त्री पोखरेल चिकित्सा शिक्षा सुधारमा डा. गोविन्द केसीका निकट मानिन्छन् । तर मन्त्री पोखरेलकै कार्यकालमा डा. केसी दुई-दुई पटक अनसन बस्दा पनि ठोस उपलब्धि निस्किएन, प्रगति केवल कागजी सम्झौतामै सीमित भयो ।मन्त्री पोखरेल नियुक्त भए यता शिक्षा नियमावली, २०५९ को १०औं संशोधनपछि फेरि ११औं संशोधनमा जुटेका छन् । १०औं संशोधनमा स्थायी सेवा अवधि तीन वर्ष पूरा भएका शिक्षकलाई मात्र एक सामुदायिक विद्यालयबाट अर्कोमा सरुवा गर्न सकिने व्यवस्था गरिएकामा प्रस्तावित 'शिक्षा (एघारौं संशोधन) नियमावली, २०८३' मार्फत उक्त अवधि घटाएर एक वर्ष कायम गर्ने प्रस्ताव गरिएको छ । शिक्षामन्त्री पोखरेलले नै अघि बढाएका दुवै प्रस्तावमा चार महिनाको अन्तरमै यस्तो फेरबदल गरिनुले सरकारको नीतिगत अपरिपक्वता र पर्याप्त गृहकार्यबिना निर्णय गर्ने प्रवृत्ति प्रस्ट देखिएको छ ।नेपालको संविधानको धारा ३१ मा माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षा निःशुल्क हुने स्पष्ट व्यवस्था भए पनि सरकार आफैंले विद्यार्थीबाट दर्जनभन्दा बढी शीर्षकमा बर्सेनि गैरकानुनी शुल्क असुल गर्दै आएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र शिक्षा नियमावलीविपरीत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीबाट रजिस्ट्रेसन, परीक्षा र शैक्षिक प्रमाणपत्रका नाममा सरकार स्वयंले शुल्क असुल गर्दै आएको हो । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कानुनी व्यवस्थालाई चुनौती दिँदै राज्यले कक्षा ९ मा रजिस्ट्रेसन शुल्कबापत चार सय रुपैयाँ, कक्षा १० मा परीक्षा आवेदन शुल्क पाँच सय रुपैयाँ र प्रमाणपत्र शुल्क दुई सय ५० रुपैयाँ लिने गरेको छ । त्यसैगरी कक्षा ११ मा विषय दर्ता शुल्कबापत चार सय रुपैयाँ र कक्षा १२ को प्रमाणपत्र प्राप्त गर्न एक हजार पाँच सय रुपैयाँसमेत अनिवार्य बुझाउनुपर्ने बाध्यता छ । सरकार स्वयंले रकम उठाउँदा पनि शिक्षामन्त्री पोखरेल मौन छन् । सामुदायिक विद्यालयमा दशकौंदेखि कार्यरत राहत, करार, अस्थायी, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरूको पेसागत सुरक्षा र समान सेवा(सुविधाको माग यथावत् रहँदासमेत शिक्षामन्त्री पोखरेलले समस्या समाधानमा कुनै चासो नदेखाउनु गम्भीर विडम्बना बनेको छ । नेपाल अस्थायी शिक्षक तथा कर्मचारी युनियनले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता, ३० वर्ष सेवा गरेका शिक्षकलाई सम्मानजनक 'गोल्डेन ह्याण्डसेक', उमेर हद हटाएर खुला प्रतिस्पर्धाको अवसर तथा दुर्गम र महँगी भत्तामा विभेद अन्त्य गर्नुपर्ने लगायतका आठ बुँदे मागसहित अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन गर्न दबाब दिइरहँदा मन्त्रालय भने मौन बसेको छ ।त्यस्तै, विगतको आन्दोलनमा नेपाल शिक्षक महासंघले उठाएका पेसागत स्थायित्व र संघीय शिक्षा ऐनमा अस्थायी शिक्षक तथा कर्मचारीका हकहित समेट्नुपर्ने जस्ता मुख्य मुद्दालाई समेत शिक्षामन्त्री पोखरेलले बेवास्ता गर्दै सम्बोधन नगरेपछि शिक्षकहरू पुनः सडक संघर्ष र अदालतको अवहेलना मुद्दामा जाने चेतावनी दिन बाध्य भएका छन् ।नेपाल शिक्षक महासंघका महासचिव तुलाबहादुर थापाले वैशाख २० यता शिक्षामन्त्रीले आफूहरूलाई सम्पर्क नगरेको बताए । उनले मन्त्री सम्पर्कमै आउन नचाहेको धारणा राखे । उनले भने, 'हामीले पटक-पटक सम्पर्क गर्न खोज्दा सम्पर्कमा आउन चाहनुभएन । हाम्रा माग सुनुवाइ भएनन् भने थप नयाँ रणनीति बनाएर अघि बढ्छौं ।'सरकारले महासंघसँग गरेको सम्झौतालाई विधेयकमा कसरी समेटिँदैछ भन्ने बारे पनि जानकारी नआएको थापाले बताए ।कक्षा ५ सम्मका बालबालिकालाई परीक्षाको तनावबाट मुक्त गर्ने सरकारको घोषणा निजी विद्यालयको धमाधम परीक्षासँगै धरापमा परेको छ । स्थानीय सरकारको बेवास्ता र शिक्षामन्त्रीको मौनताले प्रश्न उब्जाएको छ- सरकारी नीति केवल प्रचारका लागि मात्रै हो ?शिक्षामन्त्री पोखरेलले त्रिभुवन विश्वविद्यालय (त्रिवि) को वर्षौंदेखि अनधिकृत रूपमा कब्जा गरिएको करिब ७०५ रोपनी जग्गा फिर्ता ल्याउन सफल भएको भनी गरेको दाबीमाथि विश्वविद्यालयकै अधिकारी र विद्यार्थी संगठनले प्रश्न उठाए । यस विषयमा त्रिविका एक अधिकारीले भनेका छन्, 'नवीकरणको म्याद सकिएका जग्गालाई फिर्ता नै भएको घोषणा गर्नुभएको होला, म्याद सकिएपछि त अटोमेटिक फिर्ता भइहाल्छ ।'त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस अनेरास्ववियुका संयोजक हिममतबहादुर बुढाले पनि अहिलेसम्म विश्वविद्यालयको एक रोपनी जग्गासमेत वास्तविक रूपमा फिर्ता नभएको दाबी गर्दै मन्त्री पोखरेलमाथि प्रश्न उठाएका छन् । उनले भनेका छन्, '७०५ रोपनी जग्गा कहाँ, कसरी र कुन प्रक्रियाबाट फिर्ता ल्याइयो ?'यस्तै, माध्यमिक तहसम्म निःशुल्क शिक्षा, १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट तथा एआई सिकाइ विस्तार, पारदर्शी शिक्षकजस्ता घोषणा कागजमै सीमित रहँदा शैक्षिक सुधारको गति सुस्त देखिएको छ । नीतिगत घोषणा र बजेटको आकार ठूलो भए पनि समयसीमाभित्र काम नहुँदा शिक्षा क्षेत्रमा अपेक्षित रूपान्तरण अझै टाढा रहेको सरोकारवाला बताउँछन् ।काठमाडौं महानगरपालिकाको शैक्षिक सल्लाहकारका रूपमा काम गरिसकेका र युवा पुस्तामाझ सुधारको बलियो एजेन्डासहित आएका मन्त्री पोखरेलबाट परिणाममुखी फड्को मारिने अपेक्षा गरिए पनि ठोस उपलब्धि देखिन नसक्दा सरोकारवालामा निराशा छाएको छ ।प्रिन्सिपल एसोसियसन अफ नेपालका अध्यक्ष सुदाम गौतमले अपेक्षाकृत रूपमा शिक्षा क्षेत्रको काम अझै हुन नसकेको बताए । उनले भने, 'मन्त्रीज्यूको केही गरौं भन्ने हुटहुटी त छ । जे अपेक्षा गरेका थियौं, कतै कतै ब्यालेन्स नमिलेको हो कि जस्तो देखिन्छ ।'उनले संघीयतामा गएपछि शिक्षा ऐन समयमा नआउँदा केही नीतिगत असप्ष्टता देखिएको बताए ।अभिभावक महासंघका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले शिक्षा क्षेत्र चलायमान हुन नसकेको बताए । उनले शिक्षा क्षेत्रमा उत्साह हुनुपर्ने अवस्था अझै नआएको बताए । कक्षा कोठामा सुधार तात्विक रुपमा नआएको भण्डारीको भनाइ छ । उनले भने, 'काम गर्न समय लाग्छ । बेथिति हुनुहुँदैन भन्नेमा सरकार सचेत नै देखिन्छ । काम गर्न समय लाग्छ, तर उत्साह हुनुपर्ने अवस्था पनि छैन ।'शिक्षाविद् प्रा.डा. बालचन्द्र लुईंटेलले राज्यसँग पैसै नभएको भए सार्वजनिक शिक्षा प्राधिकरण बनाउन सुझाव दिए । उनले सामाजिक सञ्जाल फेसबुकमार्फत् भनेका छन्, 'राज्यसँग पैसै नभएको हो भने सार्वजनिक शिक्षा प्राधिकरण बनाउँ र देश विदेशमा बस्नेसँग चन्दा उठाउँ । देश जोगाउने हो भने सार्वजनिक शिक्षामा लगानी बढाउँ । सामाजिक उत्तरदायित्वसहितको नीजि शिक्षा ठिक-ठकै होला ।'निजीक्षेत्रलाई उच्चशिक्षामा लगानी गर्न ढोका खोल्नुपर्ने उनले बताए ।

संसद्प्रति समेत जवाफदेही देखिएनन् शिक्षामन्त्री

संघीय संसद्को वेबसाइटमा सार्वजनिक विवरणअनुसार शिक्षामन्त्री सस्मित पोखरेल संसदीय गतिविधिमा निकै न्यूनमात्र सक्रिय देखिएका छन् । जसले उनी संसद्प्रति समेत उत्तरदायी नभएको देखाएको छ ।कुल ७१ संसदीय बैठकमध्ये केवल ११ वटा बैठकमा मात्र उनी उपस्थित (१५ प्रतिशत उपस्थिति) देखिएको छ । संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा समेत रहेका मन्त्री पोखरेलको यो न्यून संसदीय सहभागिताले शिक्षा क्षेत्रका नीतिगत विषय र जनसरोकारका मुद्दामा संसदमार्फत जवाफदेही बन्ने उनको भूमिकामाथि गम्भीर प्रश्न खडा गरेको छ । **-रातोपाटी डटकम**

लिखित परीक्षा नलिई उपप्राध्यापकलाई सिधै स्थायी



सूर्यप्रसाद पाण्डे

काठमाडौं, त्रिभुवन विश्वविद्यालयले लिखित परीक्षा नलिई पहिलो पटक एक सय जना उपप्राध्यापकलाई स्थायी सेवामा नियुक्त गर्ने भएको छ। विश्वविद्यालयको शिक्षण पेसामा विशिष्ट अनुभव बोकेका व्यक्तिलाई आकर्षित गर्ने रणनीति अनुसार यसरी उपप्राध्यापक नियुक्त गर्न लागिएको त्रिविले जनाएको छ।

उपप्राध्यापक तहमा लिखित परीक्षा नलिई सिधै स्थायी सेवामा नियुक्त गर्न लागिएको यो पहिलो पटक होस। त्रिविका लागि शिक्षक तथा कर्मचारी छनोट गरेर नियुक्तिका लागि सिफारिस गर्ने निकाय त्रिवि सेवा आयोगका अनुसार यसअघि थोरै संख्यामा सहप्राध्यापक र प्राध्यापकलाई पनि यसरी नै नियुक्त गरिएको थियो। यस पटक पनि उपप्राध्यापकसँगै प्राध्यापक १० जना र सहप्राध्यापक २० जना यही प्रक्रियाबाट नियुक्त गर्न लागिएको छ। लिखित परीक्षाको तयारीमा नलागेका तर शिक्षण अनुसन्धान तथा लेख रचनामा सक्रिय रहेका र स्वदेशी तथा विदेशी विश्वविद्यालयमा प्राध्यापन गरिरहेका अब्बल जनशक्तिलाई विश्वविद्यालयमा भित्र्याउन यो प्रक्रिया अवलम्बन गरिएको त्रिविले जनाएको छ।

फास्ट ट्र्याक (द्रुत मार्ग) विधि पनि भनिने यो प्रक्रियाबाट तीनै तहको प्राध्यापक नियुक्त गर्न सेवा आयोगले आह्वान गरेको विज्ञापन अनुसार योग्यता पुगेका इच्छुक व्यक्तिले आवेदन दिनु पर्छ। आवेदकका कागजपत्रका आधारमा आयोगले छनोट सूची तयार पार्दछ। सोही सूचीका आधारमा अन्तर्वार्तामा बोलाएर स्थायी नियुक्तिका लागि विश्वविद्यालय समक्ष सिफारिस गरिने आयोगका प्रमुख विष्णुप्रसाद अर्यालले बताए। अर्यालका अनुसार यसरी नियुक्तिको आधार तय गर्न त्रिवि कार्यकारी परिषद्ले 'त्रिभुवन विश्वविद्यालय विशिष्टताका आधारमा खुला प्रतियोगिताद्वारा शिक्षक नियुक्तिको सिफारिससम्बन्धी विनियम, २०८२' बनाएको छ। यो विनियममा तीनै तहका प्राध्यापकका लागि २०० पूर्णाङ्कको पाठ्यक्रम तोकिएको छ। जसमा अनुसन्धान कृति प्रकाशनका लागि १५० अंक, शिक्षण सेवा अनुसन्धान कार्य र अनुसन्धानको लागि १० अंक, शोध निर्देशन र शोध अनुसन्धान पुरस्कारका लागि २० अंक तथा अन्तर्वार्ताका लागि २० अंक प्रदान गरिने उल्लेख गरिएको छ। खुला, आन्तरिक तथा फास्ट ट्र्याक प्रतिस्पर्धाबाट प्राध्यापक नियुक्त गर्न सेवा आयोगले २०८२ जेठमै विज्ञापन आह्वान गरेको थियो तर त्यतिबेला शिक्षक कर्मचारीको विरोध र त्रिविका पदाधिकारी परिवर्तनका कारणले आवेदन संकलन गर्ने पनि प्रक्रिया अघि बढ्न सकेन।

पछिल्लो समय त्रिविमा पदाधिकारी नियुक्ति, सेवा आयोगमा अध्यक्ष तथा सदस्यको नियुक्तिलगायतका काम सकिएसँगै सबै विज्ञापन अनुसार नतिजा प्रकाशन कार्य सुरु गरिएको हो। सेवा आयोगले अहिले खुला तथा आन्तरिक प्रतिस्पर्धाको लिखित परीक्षाको नतिजा सार्वजनिक, अन्तर्वार्ता सञ्चालन तथा अन्तर्वार्ताको नतिजा सार्वजनिक गर्ने काम सँगसँगै अघि बढाएको छ। अझै पनि केही विषयको लिखित परीक्षाको नतिजा सार्वजनिक हुनै बाँकी छ भने लिखित परीक्षाबाट उत्तीर्ण भएका शिक्षक तथा कर्मचारीको चार हजारभन्दा बढी अन्तर्वार्ता सम्पन्न गर्न बाँकी रहेको सेवा आयोगले जनाएको छ।

प्रादेशिक दीक्षान्तमा विद्यार्थीको अरुचि

त्रिभुवन विश्वविद्यालय(त्रिवि) ले पहिलो पटक आयोजना गर्न लागेको प्रादेशिक दीक्षान्त समारोहमा विद्यार्थीको अरुचि देखिएको छ। विगतमा केन्द्रमा मात्रै दीक्षान्त समारोह आयोजना गर्दा उपत्यकाबाहिरका क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई असुविधा भएको गुनासो आएपछि त्रिविले यस पटकदेखि सबै प्रदेशमा समारोह गर्ने निर्णय गरेको थियो। त्रिवि कार्यकारी परिषद्को सोही निर्णय अनुसार प्रदेश अनुसार समारोहमा सहभागी हुन चाहने विद्यार्थीबाट त्रिविले आवेदन आह्वान गरेको थियो। आवेदनमा विद्यार्थीलाई आफू सहभागी हुन चाहने प्रदेशको नाम पनि उल्लेख गर्न अनुरोध गरिएको थियो तर आवेदन दिएकामध्ये अधिकांश विद्यार्थीले बागमती प्रदेश (काठमाडौं) मा आयोजना गरिने समारोहमा भाग लिने गरी आवेदन दिएको त्रिवि परीक्षा नियन्त्रण कार्यालय (पनिका) ले जनाएको छ। धेरै विद्यार्थीले केन्द्रबाटै दीक्षित हुने चाहना राखेपछि त्रिविले पनि सोचेभन्दा फरक अवस्था बनेको जनाएको छ। पनिकाका अनुसार दीक्षान्त समारोहमा भाग लिनका लागि सातै प्रदेशबाट २१ हजार २७४ जनाले आवेदन दिएका छन्। अब हुने दीक्षान्त समारोहका लागि भने ९५ हजार विद्यार्थी योग्य छन्। उनीहरूको ग्रेसलिस्ट त्रिवि सभाले पारित गरिसकेका छन्।

आवेदन दिएकामध्ये सबैभन्दा धेरै बागमती प्रदेशमा आयोजना हुने समारोहमा भाग लिनका लागि १४ हजार ६९१ जनाले आवेदन दिएको परीक्षा नियन्त्रक प्राडा लक्ष्मण पौडेलले जानकारी दिए । त्यस्तै गण्डकी प्रदेशमा आयोजना हुने दीक्षान्तमा सहभागी हुन दुई हजार २१५ जनाले आवेदन दिएका छन् । कोशी प्रदेशबाट सहभागी हुन दुई हजार १० जना, लुम्बिनी प्रदेशबाट सहभागी हुन एक हजार ५१५ जना, मधेश प्रदेशबाट सहभागी हुन ३६४ जनाले आवेदन दिएका छन् । त्यस्तै सुदूरपश्चिम प्रदेशबाट सहभागी हुन २८१ जना र कर्णाली प्रदेशबाट सहभागी हुन १५९ जनाले आवेदन दिएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए। तर जति विद्यार्थी भए पनि यस पटक सातै प्रदेशमा दीक्षान्त समारोह आयोजना गरिने त्रिविका उपकुलपति प्राडा भोला थापाले बताए । **-गोरखापत्र**

पासासले मनायो स्रष्टाको जन्मजयन्तीसँगै वार्षिकोत्सव



पाल्पा, मंसिर ६/ तीन अग्रज स्रष्टाको योगदानको स्मरण गर्दै पाल्पा साहित्य समाजले आफ्नो ३२ औं वार्षिकोत्सव मनाएको छ । समाजले पाल्पाली आदिकवि छविलाल नेपालको १७७ औं, शास्त्रकवि माधवप्रसाद देवकोटाको १२३ औं र नाटककार अम्बिकाप्रसाद लकोजूको १२५ औं जन्मजयन्ती एकैसाथ मनाउँदै आफ्नो वार्षिकोत्सव मनाएको हो ।

कार्यक्रममा उनीहरूको साहित्यिक योगदानको चर्चा गरिएको थियो । वक्ताहरूले नेपाली साहित्यको विकासमा अग्रज स्रष्टाहरूले पुऱ्याएको योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउन यस्ता कार्यक्रम आवश्यक रहेको धारणा राखेका थिए । कार्यक्रमका प्रमुख अतिथिबुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले साहित्य समाजको बौद्धिक र सांस्कृतिक विकासको महत्वपूर्ण आधार भएको बताए । उनले पाल्पा साहित्य समाजले ऐतिहासिक स्रष्टाहरूको योगदानलाई जीवन्त राख्न खेलेको भूमिकाको प्रशंसा गर्दै तानसेन र पाल्पामा सञ्चालन हुने साहित्यिक तथा सिर्जनात्मक गतिविधिमा बुटवल उपमहानगरपालिकाको सहयोग र समर्थन रहने बताए ।

वार्षिकोत्सवका अवसरमा साहित्य तथा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वलाई पुरस्कृत र सम्मान समेत गरिएको थियो । छविलाल नेपाल पाल्पाली प्रतिभा पुरस्कारबाट गोविन्द भट्टराई र भैरव तुलसीसिंह स्मृति पुरस्कारबाट मंगलप्रसाद बज्राचार्य पुरस्कृत भए । यस्तै, अथक रेग्मी साहित्य साधना पुरस्कार कोशलराज पौड्याल र राधा इन्द्रभारती समस्या सम्मान अम्बिका पौड्याललाई प्रदान गरिएको छ । त्यसैगरी गणेश केशव लक्ष्मी स्मृति स्रष्टा सम्मानबाट पुरुषोत्तम अर्याल, पाल्पा साहित्य समाज (पासास) सम्मान केदारलाल श्रेष्ठ, पूरणबहादुर शाक्य, अनुपमान सैंजू र चन्द्रकान्त न्यौपानेलाई प्रदान गरिएको समाजले जनाएको छ ।कार्यक्रममा पत्रकार भोजराज भट्टराई, साहित्यकार रामप्रसाद अर्याल तथा सम्मानित व्यक्तित्व अम्बिका पौड्याल र अनुपमान सैंजूले साहित्य समाजको योगदानको चर्चा गर्दै शुभकामना व्यक्त गरे । उनीहरूले अग्रज स्रष्टाको सम्मान र नयाँ प्रतिभाको प्रोत्साहनले साहित्यिक सिर्जनाको निरन्तरतामा टेवा पुग्ने बताए । विसं २०५१ मा स्थापना भएको पाल्पा साहित्य समाजले तीन दशकभन्दा लामो समयदेखि साहित्यिक गतिविधि, स्रष्टा सम्मान र सिर्जनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ । वार्षिकोत्सवकै अवसरमा पुष्कर्राज रेग्मीको अध्यक्षतामा नयाँ कार्यसमितिसमेत चयन गरिएको छ । रेग्मीको अध्यक्षता,समाजका सदस्य रामजी शर्माको स्वागत, अस्तित्व रेग्मीको स्वागत गीत, सचिव सविता भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

यूएईलाई हराउँदै नेपालको पहिलो जीत



काठमाडौं, मंसिर ६/एशिया कप राइजिङ स्टार्स प्रतियोगितामा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) लाई ६ विकेटले हराउँदै पहिलो जीत हात पारेको छ । यूएईले दिएको १२२ रनको लक्ष्य नेपालले २२ ओभरमा ४ विकेट गुमाएर भेटायो ।

नेपालका कुशल भुर्तेलले ५७, मयन यादवले २७ रन बनाए । यूएईका मुहम्मद मोहसिनले २ विकेट लिए । यसअघि कप्तानको दोहामा टस हारेर ब्याटिङ गरेको यूएईले ३९ ओभर ५ बलमा १२१ रन बनाउँदा सबै विकेट गुमाएको थियो । यूएईका मुहम्मद शाहदादले सबैभन्दा धेरै ४० रन बनाए । नेपालका कप्तान सन्दीप लामिछाने र कुशल भुर्तेलले ३/३ विकेट लिए । एशिया कप राइजिङ स्टार्समा नेपालको यो दोस्रो खेल हो । नेपाल पहिलो खेलमा भारत 'ए' सँग ३०६ रनले पराजित भएको थियो । ५० ओभरको प्रतियोगितामा ८ वटा टोलीको सहभागिता रहेको छ ।

अर्थ/कर्पोरेट समाचार

सुनको मूल्यमा निरन्तर गिरावट



पाल्पा, मंसिर ६/ पछिल्ला केही दिन यता सूनको मूल्यमा निरन्तर गिरावट आएको छ । नेपाली बजारमा आइतबार पनि सुनचाँदीको मूल्यमा गिरावट आएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार यस दिन छापावाल सुनको मूल्य प्रतितोला २ हजार ८ सय रुपैयाँले घटेको हो । यो गिरावटसँगै सुन प्रतितोला २ लाख ४२ हजार ६ सय रुपैयाँमा कारोबार भइरहेको छ । यसअघि अधिल्लो कारोबार दिन शुक्रबार सुन प्रतितोला २ लाख ४५ हजार ४ सय रुपैयाँमा कारोबार भएको थियो । यस्तै, आइतबार चाँदीको मूल्य पनि ओरालो लागेको छ । महासंघका अनुसार चाँदी प्रतितोला ४५ रुपैयाँले घटेर ३ हजार ६५ रुपैयाँ कायम भएको छ । शुक्रबार चाँदी प्रतितोला ३ हजार १ सय १० रुपैयाँमा कारोबार भएको थियो । नेपाली बजारमा तिहारपछि सुनको मूल्य निरन्तर ओरालो लागिरहेको छ ।

नवलपरासीका...

...पार्टीको घट्दो जनविश्वास र राजनीतिक साख पुनः स्थापित गर्न संगठनात्मक सक्रियतासँगै प्रविधिको प्रभावकारी प्रयोग आवश्यक रहेको उल्लेख गर्दै श्रेष्ठले डिजिटल अभियानलाई भाषण र औपचारिकतामा मात्र सीमित नराखी व्यवहारमा उतार्न नेता तथा कार्यकर्तालाई आग्रह गरे । तीनवटै नगरपालिकामा आयोजित कार्यक्रममा नेपाली कांग्रेस नवलपरासी पश्चिमका कार्यवाहक जिल्ला सभापति विक्रमप्रसाद यादव, क्षेत्र नं. २ का सभापति एवं लुम्बिनी प्रदेशसभा सदस्य बैजनाथ जैसवाल, क्षेत्र नं. १ का सभापति एवं बर्दघाट नगरपालिकाका प्रमुख शम्भुलाल श्रेष्ठ, रामग्राम नगर सभापति बलिराम यादव, सुनवल नगर सभापति यमलाल पाण्डे र बर्दघाट नगर सभापति सुकबहादुर गुरुङलगायतको सहभागिता थियो । त्यस्तै नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य विश्वप्रेम पाठक, भीमबहादुर थापा र अञ्जना पाण्डेलगायतका नेताहरु समेत सहभागीता रहेको थियो । कार्यक्रममा लुम्बिनी प्रदेश प्रशिक्षण विभागका सहजकर्ता विनोद घिमिरेले डिजिटल प्रतिनिधिको जिम्मेवारी, सामाजिक सञ्जालको प्रभावकारी प्रयोग र डिजिटल सञ्चारमार्फत संगठन सुदृढीकरणका विषयमा प्रशिक्षण दिएका थिए ।

बाढी पीडितले...

...अर्का सञ्चालक मधुसूदन श्रेष्ठका अनुसार चार्जिङ सेन्टरमा मात्रै करिब ६० लाख रुपैयाँभन्दा बढीको भौतिक क्षति भएको छ । बाढीले व्यवसायका उपकरण तथा संरचनामा क्षति पुऱ्याउँदा व्यवसाय पुनः सञ्चालन गर्नसमेत कठिनाइ भएको उनले बताए ।

क्षतिको विवरण पटक-पटक सम्बन्धित निकायमा पुऱ्याउँदा पनि कुनै प्रतिक्रिया नआएको उनको भनाइ छ । यता, कालीगण्डकी गाउँपालिकाका अध्यक्ष वेदबहादुर थापाले प्रभावित क्षेत्रका पीडितलाई राहत तथा पुनर्निर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समितिमार्फत संघीय सरकारसँग अनुरोध गरिएको बताए । तर, सरकारले अहिलेसम्म राहतका विषयमा कुनै प्रतिक्रिया नदिएको उनले जानकारी दिए । बाढी प्रभावित क्षेत्रमा जनप्रतिनिधि तथा सरकारी अधिकारीहरू निरीक्षणका लागि पटक-पटक पुगे पनि पीडितका समस्या समाधानमा ठोस काम हुन नसकेको स्थानीयको गुनासो छ । 'माननीयदेखि सरकारका प्रतिनिधिसम्म आएर क्षतिको अवस्था हेरे, फोटो खिचाए र फर्किए । तर, हामी पीडितले अहिलेसम्म केही पाउन सकेनौं,' स्थानीयको गुनासो छ । विपद्का बेला प्रभावित नागरिकलाई तत्काल राहत, क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र प्रभावित व्यवसायलाई पुनः सञ्चालन गर्न सहयोग पुऱ्याउनु राज्यको दायित्व हो । तर, कालीगण्डकी क्षेत्रका बाढीपीडितका हकमा क्षतिको विवरण संकलनमै सरकारी प्रक्रिया सीमित भएको देखिन्छ । बाढीले भौतिक संरचना मात्र भत्काएको छैन, स्थानीयको रोजगारी, आम्दानी र भविष्यप्रतिको भरोसासमेत प्रभावित बनाएको छ । बाढीको पानी घटे पनि पीडितको पीडा घट्न सकेको छैन । क्षतिको विवरण संकलन गरेर मात्रै दायित्व पूरा हुँदैन । प्रभावितलाई राहत उपलब्ध गराउने, जोखिममा रहेका सडक तथा पुलको पुनर्निर्माण गर्ने र क्षतिग्रस्त व्यवसायलाई पुनः सञ्चालन गर्न आवश्यक सहयोग गर्ने काममा सम्बन्धित निकायले तत्काल चासो दिनुपर्ने देखिन्छ ।

आन्तरिक पर्यटन प्रवर्द्धन गरौं

-हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं साँस्कृतिक स्थलहरूको भ्रमण गरौं,

-होमस्टे, रैथाने खाना र स्थानीय संस्कृतिको प्रवर्द्धन गरौं,

-पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,

-आन्तरिक पर्यटन मार्फत रोजगारी सिर्जना गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. ५८/०७५/७५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई